२०७७ श्रावण

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम आर्थिक वर्ष २०७६।०७७ को तेस्रो र चौथो त्रैमासिक प्रतिवेदन

विषयसूची

विषय **पृष्ठ**

१. आयोगको स्वरुप र प्रकृतिः १

२. आयोगको काम, कर्तव्य र अधिकारः १

३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरणः ४

४ आयोगबाट प्रदान गरिने सेवाः १९

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख १९

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि १९

७. निवेदन, उजूरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी २१

८. निर्णय उपर उजूरी सुन्ने अधिकारी २१

९. सम्पादन गरेको कामको विवरण (२०७५ श्रावण देखि चैत्र सम्म) २१

१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः २७

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः २७

१२.आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण २९

१३. छानविन तथा अनुसन्धान सम्बन्धित कार्य ३०

१४. अघिल्लो आ.व. मा सञ्चालित कार्यक्रमहरु ३५

१५. सार्वजनिक निकायको वेबसाइटः ३७

१६. सूचना परियोजनाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरणः ३७

१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन अनुगमनतर्फः: ३७

१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली : ३७

१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय :..... ३८

२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण :..... ३८

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग
नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्वन्धी नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण

आ.व. २०७६/०७७

१. आयोगको स्वरुप र प्रकृतिः

सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरुको वास्तविक स्थिति सार्वजनिक गर्न, सो कार्यमा संलग्न व्यक्तिहरुको बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि र संस्थागत सुधारको सिफारिस गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सोही साल वैशाख २८ गते जारी भई मिति २०७१ साल माघ २७ गते अध्यक्ष सहित पांच सदस्यीय बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भएको हो। यस आयोगमा नेपाल न्याय सेवाको रा.प. विशिष्ट श्रेणीको अधिकृतले सचिवको रुपमा काम गर्ने व्यवस्था ऐनको दफा १० मा रहेको छ।

२. आयोगको काम, कर्तव्य र अधिकारः

विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ को मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वको क्रममा व्यक्ति बेपत्ता पार्ने कार्यका बारेमा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्न तथा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि र संस्थागत सुधारको लागि सिफारिस गर्ने उद्देश्यले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठन भएको हो। मंसीर ५, २०६३ मा नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताले औपचारिक रुपमा वर्षौंदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई समाप्त गर्यो। द्वन्द्वबाट सिर्जित कारण र परिणामलाई व्यवस्थित गर्न बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको स्थापना भई आयोगले आफूलाई तोकिएको काम गर्दै रहेको अवस्था छ।

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम यस आयोगलाई निम्न बमोजिमका काम, कर्तव्य र अधिकारहरु तोकिएका छन्:

- बेपत्ता पारिएका ब्यक्ति सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,

- पीडित तथा पीडकको एकीन गर्ने,
- पीडकलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने,
- पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको लागि सिफारिस गर्ने,
- पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने,
- कुनै घटना सशस्त्र द्वन्द्वको क्रममा भएको हो वा होइन भन्ने विवाद भएमा त्यसको निर्णय गर्ने,

आयोगले छानविन गर्दा देहायको काम गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरह देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्छः

- कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने,
- साक्षी बुझ्ने तथा वकपत्र गराउने,
- कुनै लिखत वा कागजात पेश गर्न आदेश दिने,
- प्रमाण बुझ्ने,
- स्थलगत निरीक्षण गर्ने वा गराउने वा दशी प्रमाण पेश गर्न आदेश दिने।
- सुरक्षाका दृष्टिले वा अन्य कारणबाट साक्षी वा अन्य कुनै व्यक्तिलाई आयोगमा उपस्थित गराउन नसकिने भएमा श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) वा अन्य कुनै माध्यमबाट त्यस्तो साक्षी वा व्यक्तिको बकपत्र वा बयान गराउन सक्ने।
- कुनै व्यक्ति उपस्थित गराउन वा लिखत, कागजात, दशी वा प्रमाण पेश गर्ने सम्बन्धमा उपयुक्त सम्झेमा मनासिव समय तोक्न सक्ने।
- आयोगले आफ्नो छानविन सम्बन्धी कुनै वस्तु/लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने लागेमा विना सूचना त्यस्तो व्यक्ति वा स्थानको तलासी लिन वा लिन लगाउन र फेला परेका वस्तु वा लिखत कब्जा गर्न वा गर्न लगाउन वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिन लगाउन सक्ने।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिउपर यस ऐन बमोजिम छानविन गर्नु परेमा र निजलाई पदमा राखी रहँदा निजले प्रमाण लोप गर्ने सम्भावना देखिएमा आयोगले निजलाई निलम्बन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र त्यसरी लेखी आएमा सम्बन्धित निकायले समेत त्यस्तो व्यक्तिलाई निजको सेवा शर्त सम्बन्धी कानूनमा उल्लेख भएकोमा सोही बमोजिम र त्यसरी उल्लेख नभएकोमा बढीमा तीन महिनाको लागि निलम्बन गर्नु पर्ने।
- बेपत्ता पारिएको व्यक्तिलाई मारी मृतकको शव कुनै स्थानमा गाडिएको छ भन्ने सम्बन्धमा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो स्थानको उत्खनन् गरी वास्तविकता पत्ता लगाउन सक्नेछ। उत्खनन् व्यवस्थित रुपले गर्नु पर्नेछ र त्यसरी उत्खनन् गर्दा

कुनै व्यक्तिको शव वा अवशेष फेला परेमा आयोगले सम्भव भएसम्म त्यस्तो शवको डी.एन.ए. वा शव परीक्षण समेत गरी त्यस्तो शव वा अवशेष मृतकको परिवारको सदस्य उपलब्ध भएमा निजलाई बुझाउनु पर्ने।

- ❖ आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित हुने कुनै व्यक्ति, पीडित वा निजको परिवारका सदस्यले आफ्नो सुरक्षाको लागि आयोगसँग अनुरोध गरेमा वा त्यसरी अनुरोध नगरेपनि त्यस्तो व्यक्ति वा आयोगलाई सहयोग पुर्याउने वा आयोगमा कार्यरत कुनै व्यक्तिलाई सुरक्षा दिन आवश्यक देखिएमा आयोगले सो व्यक्तिको सुरक्षाको लागि उचित व्यवस्था गर्नु पर्ने र उक्त कार्यमा आवश्यकता अनुसार नेपाल सरकारको सहयोग लिन सक्ने।
- ❖ कुनै व्यक्तिले आयोगमा बयान वा बकपत्र गरेको वा कुनै जानकारी दिएको कारणले मात्र निजका विरुद्ध कुनै मुद्दा चलाइने वा कानूनी कारबाही नगरिने तथा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा त्यस्तो व्यक्तिलाई मनासिब खर्च उपलब्ध गराउन सक्ने।
- ❖ आयोगमा बयान वा बकपत्र गर्ने, कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्ने।
- ❖ बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई बयान वा बकपत्र दिने कार्यमा सहजता प्रदान गर्न तोकिए बमोजिम छुट्टै व्यवस्था गर्न सक्ने।
- ❖ सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा त्यस्तो कर्मचारीलाई निज सरुवा हुन सक्ने निकायमा सरुवा गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने।
- ❖ साक्षी, पीडित तथा आयोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनियता र मर्यादाको संरक्षण गर्ने।
- ❖ मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी विषयमा सत्य तथ्य पत्ता लगाउन आवश्यक देखेमा सार्वजनिक सुनुवाई गर्न सक्ने,
- ❖ आफ्नो काम कारबाही सम्बन्धी विवरण पीडित लगायत सर्वसाधारणको जानकारीको लागि समय समयमा सार्वजनिक गर्न सक्ने।
- ❖ आयोगमा प्राप्त भएको उजूरी वा जानकारी सम्बन्धमा छानविन गर्दा कारबाही चलाउन पर्याप्त आधार नभएमा कारण खुलाई त्यस्तो उजूरी तामेलीमा राख्न सक्नेछ। तर त्यस्तो उजूरीको सम्बन्धमा कारबाही गर्नु पर्ने विषयमा पछि प्रमाण प्राप्त भएमा सो उजूरी उपर छानविन गर्न सक्ने।
- ❖ छानविन गरिसकेपछि आयोगले पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनःस्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।

- ❖ आयोगले पीडितलाई कुनै सुविधा, सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त व्यवस्था गर्ने सम्बन्धमा सिफारिस गर्नु अघि निजको इच्छा वा माग बुझी निजको प्राथमिकता अनुसार सुविधा, सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्नु पर्ने,
- ❖ व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिलाई कारबाहीको लागि सिफारिस गर्न सक्ने,
- ❖ आयोगले आफ्नो कार्य सम्पन्न गरे पश्चात् नेपाल सरकार समक्ष प्रतिवेदन गर्नुपर्ने।

३. आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरणः

क्र.सं.	पद नाम	श्रेणी	सेवा	समूह	स्वीकृत दरबन्दी
१	सचिव	रा.प.विशिष्ट	नेपाल न्याय		१
२	सहसचिव	रा.प.प्रथम	नेपाल प्रशासन	सामान्य प्रशासन	१
३	सहसचिव	रा.प.प्रथम	नेपाल न्याय	सरकारी वकील	१
४	उपसचिव	रा.प.द्वितीय	नेपाल प्रशासन	सामान्य प्रशासन	२
५	उपसचिव	रा.प.द्वितीय	नेपाल न्याय	कानून	१
६	उपसचिव	रा.प.द्वितीय	नेपाल न्याय	सरकारी वकील	४
७	शाखा अधिकृत	रा.प. तृतीय	नेपाल प्रशासन	सामान्य प्रशासन	६
८	शाखा अधिकृत	रा.प. तृतीय	नेपाल न्याय	न्याय	१
९	शाखा अधिकृत	रा.प. तृतीय	नेपाल न्याय	कानून	२
१०	शाखा अधिकृत	रा.प. तृतीय	नेपाल न्याय	सरकारी वकील	३
११	लेखा अधिकृत	रा.प. तृतीय	नेपाल प्रशासन	लेखा	१
१२	लेखापाल	रा.प.अनं.प्रथम	नेपाल प्रशासन	लेखा	२
१३	नायब सुब्बा	रा.प.अनं.प्रथम	नेपाल प्रशासन	सामान्य प्रशासन	४
१४	नायब सुब्बा	रा.प.अनं.प्रथम	नेपाल न्याय	सरकारी वकील	३

क्र.सं.	पद नाम	श्रेणी	सेवा	समूह	स्वीकृत दरबन्दी
१५	नायब सुब्बा	रा.प.अनं.प्रथम	नेपाल न्याय	न्याय	२
१६	नायब सुब्बा	रा.प.अनं.प्रथम	नेपाल न्याय	कानून	१
१७	कम्प्युटर अपरेटर	रा.प.अनं.प्रथम	नेपाल विविध		५
१८	तामेलदार	रा.प.अनं.द्वितीय	नेपाल न्याय	न्याय	५
१९	हलुका सवारी चालक				११
२०	कार्यालय सहयोगी (स्वीपर र माली समेत)				१४
				जम्मा	७०

आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले व्यबस्था गर्दछ। हाल आयोगमा अध्यक्ष र सदस्य बाहेक ७० जना कर्मचारीहरुको दरवन्दी स्वीकृत भएको छ।

३.१ स्वीकृत कर्मचारी दरवन्दी संख्या : ७० जना

३.२ आयोगमा काजमा कार्यरत कर्मचारी संख्या : २१ जना

३.३ करार सेवा कर्मचारी : २९ जना

३.४ जम्मा कार्यरत कर्मचारी संख्या : ५० जना

३.५ रिक्त रहेको पद संख्या : २० जना

४.संगठन संरचनाः



बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा ५ जना पदाधिकारीहरु, १ जना सचिव, २ वटा महाशाखा र ६ वटा शाखाहरु रहने छन्।

- ❖ माथि उल्लेखित अधिकृत एवं कर्मचारीहरु काजमा ल्याईने छ। माग बमोजिमका अधिकृत एवं कर्मचारीहरु उपलब्ध हुन नसकेमा करारमा नियुक्त गर्न सकिनेछ।
- ❖ ४ जना शाखा अधिकृत,१ जना कानुन अधिकृत(रा.प.तृ.) र १ जना सरकारी वकील (रा.प.तृ.) तथा २ जना ना.सु.गरी ८ जना कर्मचारीहरु नीजि सहायक (पि.ए.) रहने छन् जुन संगठनात्मक संरचनामा उल्लेख गरिएको छैन।
- ❖ आयोगले कार्य संचालनको सिलसिलामा आवश्यक पर्ने स्वदेशी तथा विदेशी विज्ञ/विशेषज्ञ कर्मचारीहरु ऐनको दफा ३१ र ३२ बमोजिम करारमा राख्न सक्नेछ।

४.१.छानविन महाशाखा

आयोगको संठनात्मक संरचना बमोजिम नेपाल न्याय सरकारी वकिल समूहको रा.प. प्रथम श्रेणी(सह-सचिव)को नेतृत्वमा एक छानविन महाशाखा रहने व्यवस्था छ।यस छानविन महाशाखाले देहायबमोजिमका कार्य सम्पादन गर्नेछः

(क) व्यक्ति बेपत्ता पारिएको सम्वन्धी विषयको उजूरी तथा सूचनाहरु प्राप्त गर्ने,
(ख) प्राप्त उजूरीहरु आयोगसमक्ष पेश गर्ने,
(ग) आयोगको निर्णय अनुसार प्रारम्भिक र विस्तृत छानविन गर्ने,
(घ) प्राप्त उजूरी द्वन्द्वकालका घटनासंग सम्बन्धित भए नभएको एकिन गर्ने,
(ङ) पीडित र पीडक यकिन गर्ने,
(च) उजूरी तामेलीमा राख्ने सम्वन्धी कार्य गर्ने,
(छ) आयोगलाई आवश्यक पर्ने कानूनी विषयमा आवश्यक कार्य गर्ने,
(ज) पीडितलाई प्रदान गर्ने राहत, परिपूरण तथा क्षतिपूर्तिको सिफारिस सम्वन्धी कार्य गर्ने,
(झ) विभागीय वा अन्य कारवाहीको सिफारीस सम्वन्धी कार्य गर्ने,
(ञ) मुद्दा चलाउनु पर्ने विषयमा मुद्दा चलाउन लेखी पठाउने,
(ट) मानव अधिकार सम्वन्धी नीतिगत विषय तथा अधिकारको उल्लघन सम्वन्धी विषयमा राय परामर्श दिने,
(ठ) मानव अधिकारको हनन भए नभएको सम्वन्धमा राय परामर्श सम्वन्धी कार्य गर्ने,
(ड) आफ्नो कार्यको प्रतिवेदन तयार गरी आयोगसमक्ष पेश गर्ने।

यस छानविन महाशाखा अन्तर्गत उजूरी छानविन तथा तामेली शाखा, कानून तथा मानव अधिकार शाखा र सिफारिस तथा परिपूरण शाखा लगायतका तीन शाखाहरू रहेका छन्।जुन शाखा तथा उक्त शाखाबाट सम्पादन गरिने कार्यहरू देहाय बमोजिम रहेका छन्।

४.२.१ उजूरी, छानविन तथा तामेली शाखाः

छानविन महाशाखा अन्तर्गत रहने उजूरी छानविन तथा तामेली शाखाले महाशाखाको प्रत्यक्ष निर्देशनमा देहाय बमोजिमका कार्यहरु गर्नेछः

(क) बेपत्ता पारी मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी घटनाका सम्बन्धमा पीडित वा निजका तर्फबाट उजूरी, निवेदन तथा गुनासाहरु प्राप्त गर्ने,

(ख) आयोगलाई प्राप्त भएको उजूरी तथा जानकारी सम्बन्धमा छानविन गर्ने,

(ग) व्यक्ति बेपत्ता पारेको सम्बन्धमा आयोगलाई कुनै श्रोतबाट जानकारी प्राप्त भएमा वा आयोगले छानविन गर्न उपयुक्त सम्झेका विषयहरुमा अनुसन्धान गर्ने,

(घ) कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने, साक्षी बुझ्ने वा बकपत्र गराउने,

(ङ) अन्य आवश्यक देखिन आएका प्रमाण बुझ्ने,

(च) स्थलगत निरीक्षण गर्ने,

(छ) दशी प्रमाण संकलन गर्ने गराउने,

(ज) कुनै लिखत वा कागजात पेश गर्न लगाउने,

(झ) विभिन्न निकायहरुसँग आवश्यक कागजातहरु मगाउने,

(ञ) वास्तविक पीडित पहिचान गर्न आवश्यक अनुसन्धान गर्ने,

(ट) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा सम्बन्धित अदालतको अनुमति लिई अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,

(ठ) आयोगको निर्देशन बमोजिम विभिन्न निकायहरुसँग सम्बन्धित कागजातहरु मगाउने,

(ड) आयोगमा प्राप्त भएको उजूरी वा जानकारी सम्बन्धमा छानविन गर्दा कारवाई चलाउन पर्याप्त आधार नभएमा कारण खुलाई त्यस्तो उजूरी तामेलीमा राख्ने,

(ढ) आवश्यकतानुसार कुनै व्यक्ति वा स्थानको तलासी लिने, फेला परेका वस्तु वा लिखत कब्जा गर्ने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिने,

(ण) यस सम्बन्धमा आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने।

४.२.३ कानून तथा मानव अधिकार शाखा

यस शाखाले तालुक महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिमको कार्य सम्पादन गर्नेछ

(क) अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानून सम्बन्धी विषयमा अध्ययन गर्ने,

(ख) आयोगसँग सम्बन्धित ऐन संशोधन गर्नुपरेमा संशोधनको मस्यौदा तर्जुमा गर्ने,

(ग) आयोगसँग सम्बन्धित नियम, कार्यविधि, निर्देशिका तर्जुमा गर्ने,

(घ) आयोगसँग सम्बन्धित विषयमा विभिन्न अदालतमा परेका उजूरीका सम्बन्धमा लिखित जवाफ तयार पार्ने,

(ङ) आयोगबाट माग भए बमोजिमका विषयमा कानूनी राय उपलब्ध गराउने,

(च) आयोगमा बयान वा बकपत्र गर्ने कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्न कारवाई गर्ने,

(छ) बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई बयान वा बकपत्र दिने कार्यमा सहजता प्रदान गर्न छुट्टै व्यवस्था गर्ने,

(ज) सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा निजलाई सरुवा गर्न लेखी पठाउने सम्बन्धी कारवाई गर्ने,

(झ) साक्षी, पीडित तथा आयोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनियता र मर्यादाको संरक्षण सम्बन्धी व्यवस्था गर्ने,

(ञ) व्यक्ति वेपता पार्ने कार्यको विषयमा सत्य तथ्य पत्ता लगाउन आवश्यक देखिएमा सार्वजनिक सुनुवाई गर्ने,

(ट) यस सम्बन्धमा आयोग, सचिव तथा महाशाखाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने।

४.२.४ सिफारिस तथा परिपूरण शाखा

यस शाखाले तालुक महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पूर्नउद्धार तथा पूर्नस्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न सिफारिस गर्नेछ यस क्रममाः

(क) सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लंघन सम्बन्धी घटना सम्बन्धमा हालसम्म नेपाल सरकारसमक्ष पेश गरेका प्रतिवेदनहरु अध्ययन गर्ने,

(ख) पीडितलाई पर्नगएको वास्तविक क्षतिको क्षतिपूर्ति दिनका लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने,

(ग) पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनस्र्थापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न सिफारिस गर्ने सम्बन्धी कारवाई गर्ने,

(घ) प्राप्त प्रमाणहरुको आधारमा उपयुक्त परिपूरणकोलागि आयोगसमक्ष आवश्यक सुझाव पेश गर्ने,

(ङ) पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायको सुविधा वा सहुलियत उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धी कारवाई गर्ने।

(अ) निःशुल्क शिक्षा तथा स्वास्थ्योपचार

(आ) सीपमूलक तालीम

(इ) विना व्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा

(ई) बसोबासको व्यवस्था

(उ) रोजगारको सुविधा

(ऊ) अन्य सुविधा वा सहुलियत

(च) पीडितलाई कुनै सुविधा वा सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त व्यवस्था गर्ने सम्बन्धमा सिफारिस गर्नु अघि निजको इच्छा वा माग बुझी निजको प्राथमिकता अनुसार सुविधा सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्नुपर्ने,

(छ) पीडितको मृत्यु भैसकेकोमा पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराउने,

(ज) कसैले पीडितको कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गर्न सिफारिस गर्ने कारवाई चलाउने,

(झ) आयोगको कार्यमा सहयोग पुऱ्याउने व्यक्तिलाई पुरस्कृत गर्ने सम्बन्धी कारवाई चलाउने,

(ञ) अनुसन्धानका आधारमा दोषि उपर कारबाहीको लागि सिफारिस गर्ने,

(ट) आयोगले पेश गर्ने प्रतिवेदन सम्बन्धी कार्य गर्ने।

४.३.प्रशासन महाशाखा

आयोगको संठनात्मक संरचना बमोजिम नेपाल सरकार सामान्य प्रशासन समूहको रा.प. प्रथम श्रेणी(सह-सचिव)को नेतृत्वमा एक प्रशासन महाशाखा रहने व्यवस्था छ। यस प्रशासन महाशाखाले देहाय बमोजिमका कार्य सम्पादन गर्नेछन्ः

(क) आयोगको प्रशासनिक तथा आर्थिक कार्यहरु गर्ने,
(ख) दैनिक कार्यालय संचालन सम्वन्धी कार्य गर्ने,
(ग) आयोगको काम कर्तव्य बारे सार्वजनिक जानकारी गराउने,
(घ) पर्यवेक्षक, विज्ञ, विशेषज्ञ चयन गर्ने,
(ङ) कर्मचारीहरु झिकाउने तथा पर्याप्त नभएमा करारमा भर्ना गर्ने,
(च) कार्य प्रकृति र योग्यता, अनुभवका आधारमा कामको जिम्मेवारी बाँडफाँट गर्ने,
(छ) कार्मचारीले गर्ने कार्य विवरण तयार गर्ने र गर्नु पर्ने कार्य वारे जानकारी गराउने
(ज) अधिकार प्रत्यायोजन गर्ने,
(झ) आयोगका गतिविधि तथा सूचनाहरुको संप्रेषण तथा प्रचार प्रसार सम्वन्धी कार्यहरु गर्ने,
(ञ) वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने, बांडफांड गर्ने तथा निकासा र परिचालन गर्ने,
(ट) योजना तथा वजेट तर्जुमा गर्न सरोकारवाला निकायसंग समन्वय गर्ने,
(ठ) द्वन्द्व व्यवस्थापन, दीगो शान्ति तथा मानव अधिकार सम्वन्धी दक्ष जनशक्ति व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
(ड) अन्य निकायको सम्पर्क विन्दु र प्रवक्ताको रुपमा कार्य गर्ने तथा सूचना अधिकारी र प्रवक्ता चयन गर्ने,
(ढ) यस निकायबाट संचालन हुने कार्यक्रमहरुको नियमित समीक्षा तथा अनुगमन गर्ने,
(ण) कार्यक्रम संचालनमा श्रोत साधन तथा जनशक्तिको व्यवस्थापन गर्ने,
(त) द्विपक्षीय तथा बहुपक्षीय सहयोगको व्यवस्थापन तथा परिचालन गर्ने,
(थ) ऐन, नियमावली तथा कार्यक्रमको प्रचारात्मक कार्य गर्ने,
(द) उजूरी निवेदन आव्हान गर्ने, घटनाको जानकारी दिन दुबै पक्षलाई आव्हान र पत्राचार गर्ने, उजुरी र निवेदनका ढाचाँहरु सार्वजनिक गर्ने, उजुरी र निवेदन संकलन सम्वन्धी प्रशासनिक कार्य गर्ने,

(ध) अन्य महाशाखामा किटानी साथ तोकिएका बाहेकका कार्यको साथै अन्य महाशाखा अन्तर्गत नपर्ने विविध कार्यहरु गर्ने।

यस प्रशासन महाशाखा अन्तर्गत प्रशासन तथा योजना शाखा, सञ्चार तथा अभिलेख व्यवस्थापन शाखा र आर्थिक प्रशासन शाखा लगायतका तीन शाखाहरू रहेका छन्। जुन शाखा तथा उक्त शाखाबाट सम्पादन गरिने कार्यहरू देहाय बमोजिम रहेका छन्।

४.३.१.प्रशासन तथा योजना शाखा

प्रशासन तथा योजना शाखाले तालुक महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिमका कार्यहरू गर्नेछन्

(क) आयोगको कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

(ख) आयोगको दरबन्दी तथा पदपूर्ति सम्बन्धी कार्य गर्ने,

(ग) आयोगको दैनिक प्रशासनिक कार्य गर्ने,

(घ) आयोगको लागि आवश्यक दक्ष जनशक्ति विकास गर्न स्वदेश तथा विदेशमा तालीम, पुनर्ताजगी तालीम, प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालीमहरुको व्यवस्था गर्ने,

(ङ) आयोगको लागि जिन्सी सामानहरुको खरिद, संचय तथा उपयोगको व्यवस्था गर्ने,

(च) आयोगको सम्पत्तिको लगत राख्ने, संरक्षण र मर्मत सम्भार गर्ने, गराउने,

(छ) आयोगको विभिन्न शाखाहरुबीच समन्वय सम्बन्धी कार्य गर्ने,

(ज) आयोगका लागि मानव संशाधन विकास योजना, कार्यक्रम तथा कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने,

(झ) शाखागत कामको प्राथमिकिकरण गरी आवधिक कार्ययोजना बनाउने, कार्यान्वयन गर्ने, गराउने,

(ञ) आयोगकोलागि वार्षिक योजना, बजेट र कार्यक्रम बनाउने,

(ट) नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम लागि आयोगको तर्फबाट पठाईने नीति तथा कार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने,

(ठ) आयोगका विभिन्न कार्यक्रमहरुको विषयमा विभिन्न मन्त्रालयबीच समन्वय सम्बन्धी कार्य गर्ने,

(ड) शाखागत कार्यसम्पादनको प्रगति प्रतिवेदन तयार गर्ने,

(ढ) आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा मनासिब खर्च उपलब्ध गराउने,

(ण) यस्तै किसिमको काम गर्ने प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारबाट गठित आयोग वा निकायसँग समन्वय गर्ने,

(त) यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने।

४.३.२ सञ्चार तथा अभिलेख व्यवस्थापन शाखा

सञ्चार तथा अभिलेख व्यवस्थापन शाखाले तालुक महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिमका कार्यहरू गर्नेछः-

(क) आयोगको कार्यसंग सम्वन्धीत विषयमा पर्चा, पम्प्लेट, पोष्टर, रेडियो, टेलिभिजन-संवाद, अडियो, भिडियो जस्ता सामग्रीहरुको उत्पादन तथा आम सञ्चार माध्यमद्वारा प्रचार-प्रसार गर्ने गराउने,

(ख) शान्ति प्रक्रियामा सहयोग पुग्ने विषयका सूचना व्यवस्थापन गर्ने,

(ग) शान्ति प्रवद्र्धन कार्यमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन हुने शान्ति प्रवद्र्धन कार्यक्रमहरुमा समन्वय र एकरुपता कायम गर्न आवश्यक कार्य गर्ने गराउने,

(घ) शान्ति र द्वन्द्व व्यवस्थापनको क्षेत्रमा सूचना, अध्ययन सामग्री एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका पुस्तक, सर्वोच्च अदालतबाट भएको फैसला एवं आदेशहरु, जरनल तथा अध्ययन प्रतिवेदनहरुको संग्रह गर्ने, प्रविधिज्ञहरु सहितको श्रोत केन्द्र तथा पुस्तकालय व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

(ङ) द्वन्द तथा संक्रमणकालीन न्याय लगायत शान्ति प्रक्रियासँग सम्बन्धित विषयका विज्ञहरुको Roster तयार गरी अद्यावधिक गरी राख्ने,

(च) आयोगका प्रकाशनहरुको सम्पादन र व्यवस्थापन गर्ने,

(छ) आयोगको कार्य प्रगतिहरुको सम्बन्धमा जनतालाई सु-सूचित गराउने,

(ज) शान्ति प्रक्रियामा स्थानीय जनसहभागिता जुटाउने,

(झ) शान्ति प्रक्रिया र वार्ताका पक्षहरुमा सरकार, नागरिक समाज, आम सञ्चारकर्मी तथा सञ्चार माध्यमहरुबीच सूचना आदान-प्रदान गर्ने,

(ञ) आयोगको website अध्यावधिक गर्ने,

(ट) आयोगको सूचना प्रविधि व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ठ) पीडितको वर्गीकरण गर्न उपलब्ध प्रमाणको आधारमा आयोगलाई आवश्यक सुझाव दिने,

(ड) आयोगले गरेका निर्णय बमोजिम पीडितलाई परिचय पत्र दिने,

(ढ) आयोगमा प्राप्त निवेदनहरु, पीडितको वर्गीकरण, परिचयपत्र लगायतका कुराहरुको अभिलेख राख्ने,

(ण) यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने

४.३.३ आर्थिक प्रशासन शाखा

आर्थिक प्रशासन शाखाले तालुक महाशाखाको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही देहाय बमोजिमका कार्यहरू गर्नेछः-

(क) आयोगको आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

(ख) आयोगको वार्षिक योजना तथा कार्यक्रम अनुरुप वार्षिक बजेट बनाउने र निकासा लिने,

(ग) निकासा र आम्दानी प्राप्त गर्ने तथा बजेट खर्च गर्ने व्यवस्था मिलाउने,

(घ) आयोग अन्तर्गत संचालित विभिन्न आयोजनाहरुको लागि अख्तियारी तथा स्वीकृत रकम निकासा पठाउने।

(ङ) तोकिए बमोजिमको लेखा राख्ने र नियमित प्रतिवेदन गर्ने,

(च) आयोगको आर्थिक कारोवारको सम्बन्धमा राय परामर्श दिने,

(छ) आम्दानी तथा खर्चको आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने,

(ज) बेरुजुको लगत राखी फछ्र्यौट गर्ने, गराउने तथा सम्परीक्षण गराउने।

(झ) स्वीकृत कार्यक्रमहरुको लागि तोकिएको बजेट कुनै शीर्षकमा नपुग भएमा वचत हुने शीर्षकबाट नियमानुसार रकमान्तर गर्न पेश गर्ने,

(ञ) वार्षिक आर्थिक विवरण तयार गर्ने,

(ट) आयोगमा प्राप्त हुने राजश्व वा सरकारी रकम बैंक दाखिला गर्ने, सोको लेखा राख्ने, फाँटवारी पेश गर्ने र लेखा परीक्षण गराउने,

(ठ) धरौटीको लेखा राख्ने,

(ड) कानून बमोजिम असूल उपर गर्नुपर्ने सरकारी नगदी, जिन्सी असूल उपर सम्बन्धी कार्य गर्ने,

(ढ) स्वीकृत कार्यक्रमको लागि तोकिएको बजेट रकम कार्यान्वयन गर्ने निकायमा निकासा पठाउने।

(ण) यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने।

५. कर्मचारीहरुको कार्यविवरण

सह-सचिव (सरकारी वकिल समुह) को कार्य विवरणः

- उजूरीहरु छानविन गरी आयोग समक्ष पेश गर्ने गराउने,
- आयोगको निर्णय अनुसार प्रारम्भिक र विस्तृत छानविन गर्ने,
- आयोगलाई आवश्यक पर्ने कानूनी विषयका सम्वन्धमा आवश्यक कार्य गर्ने,
- पीडितलाई राहत, परिपूरण तथा क्षतिपूर्ति प्रदान सम्बन्धी कार्य गरी आवश्यक सिफारिस सम्वन्धी कार्य गर्ने,
- विभागीय वा अन्य कारवाही को सिफारीस सम्वन्धी कार्य गर्ने,
- मुद्दा चलाउनु पर्ने विषयमा मुद्दा चलाउन लेखी पठाउने,
- मानव अधिकार सम्वन्धी नीतिगत विषय तथा अधिकारको उल्लघन सम्वन्धी विषयमा राय परामर्श दिने,
- पीडितलाई क्षतिपूर्ति प्रदान गर्न, पुनरुद्धार वा पुनरुथापना गर्न वा अन्य उपयुक्त व्यवस्था गर्न सिफारिस गर्ने सम्बन्धी कारवाही गर्ने,
- प्राप्त प्रमाणहरुको आधारमा उपयुक्त परिपूरणको लागि आयोग समक्ष आवश्यक सुझाव पेश गर्ने,
- पीडित वा अवस्था अनुसार निजको परिवारको कुनै सदस्यलाई प्रदान गरिने सुविधा वा सहुलियत उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धी कारवाही गर्ने,
- पीडितलाई कुनै सुविधा वा सहुलियत प्रदान गर्न वा अन्य उपयुक्त व्यवस्था गर्ने सम्बन्धमा सिफारिस गर्नु अघि निजको इच्छा वा माग बुझी निजको प्राथमिकता अनुसार सुविधा सहुलियत तथा अन्य व्यवस्था सिफारिस गर्नुपर्ने,
- सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारका गम्भीर उल्लंघन सम्बन्धी घटना सम्बन्धमा हालसम्म नेपाल सरकारसमक्ष पेश गरेका प्रतिवेदनहरु अध्ययन गर्ने,
- साक्षी, पीडित तथा आयोगको काममा सहयोग गर्ने व्यक्तिको सुरक्षा, शारीरिक तथा मानसिक हित, गोपनियता र मर्यादाको संरक्षण सम्बन्धी व्यवस्था गर्ने।

सह सचिव (प्रशासन सेवा) को कार्य विवरणः

- आयोगको प्रशासनिक तथा आर्थिक कार्यहरु गर्ने गराउने,
- पर्यवेक्षक, विज्ञ, विशेषज्ञ चयन गर्ने,
- कार्य प्रकृति र योग्यता, अनुभवका आधारमा कामको जिम्मेवारी बाँड फाँड गर्ने,
- कार्मचारीले गर्ने कार्य विवरण तयार गर्ने र गर्नु पर्ने कार्य वारे जानकारी गराउने,
- अधिकार प्रत्यायोजन गर्ने,
- द्वन्द्व व्यवस्थापन, दिगो शान्ति तथा मानव अधिकार सम्वन्धी दक्ष जनशक्ति व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
- अन्य निकायको सम्पर्क विन्दु र प्रवक्ताको रुपमा कार्य गर्ने तथा सूचना अधिकारी र प्रवक्ता चयन गर्ने,

❖ द्विपक्षीय तथा बहुपक्षीय सहयोगको व्यवस्थापन तथा परिचालन गर्ने,
❖ व्यक्ति वेपता पार्ने कार्यको विषयमा छानविन गर्न आवश्यक देखिएमा सार्वजनिक सुनुवाई गर्ने तथा उजूरी र निवेदन संक्लन सम्वन्धी प्रशासनिक कार्य गर्ने।

उप सचिव (प्रशासन सेवा) को कार्य विवरणः

❖ आयोगको दरबन्दी तथा पदपूर्ति सम्बन्धी कार्य गर्ने,
❖ आयोगको दैनिक प्रशासनिक कार्य गर्ने,
❖ शान्ति प्रवर्द्धन कार्यमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालन हुने शान्ति प्रवर्द्धन कार्यक्रमहरुमा समन्वय र एकरुपता कायम गर्न आवश्यक कार्य गर्ने गराउने,
❖ शान्ति र द्वन्द्व व्यवस्थापनको क्षेत्रमा सूचना, अध्ययन सामग्री एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका पुस्तक, जरनल तथा अध्ययन प्रतिवेदनहरुको संग्रह गर्ने, प्राविधिज्ञहरु सहितको श्रोत केन्द्र तथा पुस्तकालय व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने,
❖ पीडितको वर्गीकरण गर्न उपलब्ध प्रमाणको आधारमा आयोगलाई आवश्यक सुझाव दिने, आयोगले गरेका निर्णय बमोजिम पीडितलाई परिचय पत्र दिने,
❖ द्वन्द तथा संक्रमणकालीन न्याय लगायत शान्ति प्रक्रियासँग सम्बन्धित विषयका विज्ञहरुको सूची तयार गरी अद्यावधिक गरी राख्ने,
❖ आयोगका प्रकाशनहरुको सम्पादन र व्यवस्थापन गर्ने,
❖ आयोगको लागि आवश्यक दक्ष जनशक्ति विकास गर्न स्वदेश तथा विदेशमा तालीम, पुनर्ताजगी तालीम, प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालीमहरुको व्यवस्था गर्ने,
❖ आयोगको लागि जिन्सी सामानहरुको खरिद, संचय तथा उपयोगको व्यवस्था गर्ने,
❖ आयोगको सम्पत्तिको लगत राख्ने, संरक्षण र मर्मत सम्भार गर्ने, गराउने,
❖ आयोगको विभिन्न शाखाहरुबीच समन्वय सम्बन्धी कार्य गर्ने,
❖ आयोगकालागि मानव संशाधन विकास योजना, कार्यक्रम तथा कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने,
❖ शाखागत कामको प्राथमिकिकरण गरी आवधिक कार्ययोजना बनाउने, कार्यान्वयन गर्ने, गराउने,
❖ आयोगको लागि वार्षिक योजना, बजेट र कार्यक्रम बनाउने,
❖ नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम लागि आयोगको तर्फबाट पठाईने नीति तथा कार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने,
❖ आयोगका विभिन्न कार्यक्रमहरुको विषयमा विभिन्न मन्त्रालयबीच समन्वय सम्बन्धी कार्य गर्ने,
❖ आयोगमा बयान, बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा मनासिब खर्च उपलब्ध गराउने,

- यस्तै किसिमको काम गर्ने प्रचलित कानून बमोजिम स्थापित वा नेपाल सरकारबाट गठित आयोग वा निकायसँग समन्वय गर्ने,
- यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने।

उप सचिव (सरकारी वकिल समुह) को कार्य विवरणः

- प्राप्त उजूरीहरुमा छानविन तथा उपयुक्त सम्झेका विषयहरुमा अनुसन्धान गर्ने,
- पीडितलाई पर्नगएको वास्तविक क्षतिको क्षतिपूर्ति दिनका लागि आवश्यक अध्ययन अनुसन्धान गर्ने,
- पीडितको मृत्यु भैसकेकोमा पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको सदस्यलाई उपलब्ध गराउने सम्बन्धी काम गर्ने,
- सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा बयान, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा निजलाई सरुवा गर्न लेखी पठाउने सम्बन्धी कारवाही गर्ने।

उप सचिव (कानुन समुह)को कार्य विवरणः

- अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानून सम्बन्धी विषयमा अध्ययन गर्ने।
- आयोगसँग सम्बन्धित ऐन संशोधन गर्नुपरेमा संशोधनको मस्यौदा तर्जुमा गर्ने।
- आयोगसँग सम्बन्धित नियम, कार्यविधि, निर्देशिका तर्जुमा गर्ने।
- आयोगसँग सम्बन्धित विषयमा विभिन्न अदालतमा परेका उजूरीका सम्बन्धमा लिखित जवाफ तयार पार्ने।
- आयोगबाट माग भए बमोजिमका विषयमा कानूनी राय उपलब्ध गराउने।
- मानव अधिकारको गम्भीर उल्लंघन सम्बन्धी विषयमा सत्य तथ्य पत्ता लगाउन आवश्यक देखिएमा सार्वजनिक सुनुवाई गर्ने।
- स्थलगत निरीक्षण र सार्वजनिक सुनुवाइ गर्ने।
- प्राप्त प्रमाणहरुको आधारमा उपयुक्त परिपूरणको लागि आयोगसमक्ष आवश्यक सुझाव पेश गर्ने।
- आयोगसँग सम्बन्धित मुद्दामा आयोगको तर्फबाट लिखित जवाफ तयार गर्ने।
- यस सम्बन्धमा आयोग, सचिव तथा महाशाखाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने।
- आयोगको कार्यमा सहयोग पुर्याउने व्यक्तिलाई पुरस्कृत गर्ने सम्बन्धी कारवाही चलाउने
- आयोगमा बयान वा बकपत्र गर्ने कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्न कारवाही गर्ने।
- बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा यौनजन्य हिंसामा परेका व्यक्तिलाई बयान वा बकपत्र दिने कार्यमा सहजता प्रदान गर्न छुट्टै व्यवस्था गर्ने। शाखा अधिकृत (कानुन समुह)को कार्य विवरण

- ❖ आयोगसँग सम्बन्धित ऐन संशोधन गर्नुपरेमा संशोधनको मस्यौदा तर्जुमा गर्ने,
- ❖ आयोगसँग सम्बन्धित नियम, कार्यविधि, निर्देशिका तर्जुमा गर्ने,
- ❖ आयोगसँग सम्बन्धित विषयमा विभिन्न अदालतमा परेका उजूरीका सम्बन्धमा लिखित जवाफ तयार पार्ने,
- ❖ स्थलगत निरीक्षण र सार्वजनिक सुनुवाइ गर्ने,
- ❖ यस सम्बन्धमा आयोग, सचिव तथा महाशाखाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने।

शाखा अधिकृत (सरकारी वकिल समुह)को कार्य विवरण :

- ❖ कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी लिने वा बयान गराउने, साक्षी बुझ्ने वा बकपत्र गराउने,
- ❖ आवश्यक प्रमाण बुझ्ने,
- ❖ स्थलगत निरीक्षण वा दशी प्रमाण पेश गर्न लगाउने र सुनुवाइ गर्ने,
- ❖ कुनै लिखत वा कागजात पेश गर्न लगाउने,
- ❖ विभिन्न निकायहरुसँग सम्बन्धित कागजातहरु मगाउने,
- ❖ वास्तविक पीडित पहिचान गर्न आवश्यक अध्ययन अनुसन्धान गर्ने,
- ❖ कुनै सरकारी वा सार्वजनिक कार्यालय वा सम्बन्धित अदालतको अनुमति लिई अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने,
- ❖ छानविन सम्बन्धी कुनै वस्तु, लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने लागेमा विना सूचना त्यस्तो व्यक्ति वा स्थानको तलासी लिने र फेला परेका वस्तु वा लिखत कब्जा गर्ने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल वा प्रतिलिपि लिने,
- ❖ व्यक्ति वेपता पार्ने कार्यमा संलग्न रहेको आरोपमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति दोषी देखिएमा विभागीय कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउने सम्बन्धी कारवाही गर्ने,
- ❖ आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने।

शाखा अधिकृत (प्रशासन सेवा) को कार्य विवरणः

- ❖ आयोगको कार्यसंग सम्वन्धित विषयमा पर्चा, पम्प्लेट, पोष्टर, रेडियो, टेलिभिजन–संवाद, अडियो, भिडियो जस्ता सामग्रीहरुको उत्पादन तथा आम सञ्चार माध्यमद्वारा प्रचार–प्रसार गर्ने गराउने,
- ❖ शान्ति प्रक्रियामा सहयोग पुग्ने विषयका सूचना व्यवस्थापन गर्ने,
- ❖ आयोगको कार्य प्रगतिहरुको सम्बन्धमा जनतालाई सु–सूचित गराउने,
- ❖ शान्ति प्रक्रियामा स्थानीय जनसहभागिता जुटाउने,
- ❖ शान्ति प्रक्रिया र वार्ताका पक्षहरुमा सरकार, नागरिक समाज, आम सञ्चारकर्मी तथा सञ्चार माध्यमहरुबीच सूचना आदान–प्रदान गर्ने,

- ❖ आयोगको web site अध्यावधिक गर्ने,
- ❖ आयोगको सूचना प्रविधि व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- ❖ आयोगमा प्राप्त निवेदनहरु, पीडितको वर्गीकरण, परिचयपत्र लगायतका कुराहरुको अभिलेख राख्ने,
- ❖ आयोगको दैनिक प्रशासनिक कार्य गर्ने,
- ❖ आयोगको लागि जिन्सी सामानहरुको खरिद, संचय तथा उपयोगको व्यवस्था गर्ने,
- ❖ आयोगका लागि मानव संशाधन विकास योजना, कार्यक्रम तथा कार्ययोजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने,
- ❖ शाखागत कामको प्राथमिकिकरण गरी आवधिक कार्ययोजना बनाउने, कार्यान्वयन गर्ने, गराउने,
- ❖ आयोगको लागि वार्षिक योजना, बजेट र कार्यक्रम बनाउने,
- ❖ शाखागत कार्यसम्पादनको प्रगति प्रतिवेदन तयार गर्ने,
- ❖ यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने।

लेखा अधिकृतको कार्य विवरणः

- ❖ आयोगको वार्षिक योजना तथा कार्यक्रम अनुरुप वार्षिक बजेट बनाउने र निकासा लिने,
- ❖ निकासा र आम्दानी प्राप्त गर्ने तथा बजेट खर्च गर्ने व्यवस्था मिलाउने,
- ❖ मन्त्रालय अन्तर्गत संचालित विभिन्न आयोजनाहरुको लागि अख्तियारी तथा स्वीकृत रकम निकासा पठाउने,
- ❖ मन्त्रालय र अन्तर्गत निकायहरुको केन्द्रीय र कार्य सञ्चालनस्तरको आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने,
- ❖ तोकिए बमोजिमको लेखा राख्ने र नियमित प्रतिवेदन गर्ने,
- ❖ आयोगको आर्थिक कारोवारको सम्बन्धमा राय परामर्श दिने,
- ❖ आम्दानी तथा खर्चको आन्तरिक र अन्तिम लेखा परीक्षण गराउने,
- ❖ बेरुजुको लगत राखी फछ्र्यौट गर्ने, गराउने तथा सम्परीक्षण गराउने,
- ❖ स्वीकृत कार्यक्रमहरुको लागि तोकिएको बजेट कुनै शिर्षकमा नपुग भएमा वचत हुने शीर्षकबाट नियमानुसार रकमान्तर गर्न पेश गर्ने,
- ❖ वार्षिक आर्थिक विवरण तयार गर्ने,
- ❖ आयोगमा प्राप्त हुने राजश्व वा सरकारी रकम बैंक दाखिला गर्ने, सोको लेखा राख्ने, फाँटवारी पेश गर्ने र लेखा परीक्षण गराउने,
- ❖ धरौटीको लेखा राख्ने,
- ❖ कानून बमोजिम असूल उपर गर्नुपर्ने सरकारी नगदी, जिन्सी असूल उपर सम्बन्धी कार्य गर्ने,

- ❖ स्वीकृत कार्यक्रमको लागि तोकिएको बजेट रकम कार्यान्वयन गर्ने निकायमा निकासा पठाउने,
- ❖ यस विषयसँग सम्बन्धित आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने।

तामेलदारको कार्य विवरणः

- ❖ अनुसन्धानका क्रममा आयोगमा झिकाउनु पर्ने व्यक्तिको म्याद तथा सूचना तामेल गर्ने।
- ❖ अनुसन्धानको कार्यमा आवश्यक सहयोग गर्ने
- ❖ आयोग, सचिव तथा महाशाखा प्रमुखबाट भएका निर्देशन बमोजिमका अन्य काम गर्ने।

६. आयोगबाट प्रदान गरिने सेवाः

- ❖ जिल्ला स्थित स्थानीय शान्ति समिति तथा यस आयोग मार्फत परेका उजूरी उपर छानवीन गर्ने
- ❖ छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन
- ❖ सार्वजनिक सुनुवाई, पत्राचार एवं अनुगमन गर्ने
- ❖ सो घटनाबाट पीडित व्यक्तिलाई परिचयपत्र प्रदान गरी परिपूरणको व्यबस्था गर्ने
- ❖ त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि र संस्थागत सुधारको लागि सिफारिस गर्ने
- ❖ बेपत्ता पारिएका ब्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप ऐन,२०७१ सम्बन्धमा
  –अन्तर्क्रिया गर्ने।
  –प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने।
  –छलफल/गोष्ठी सञ्चालन गर्ने।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

५.१ आयोगका पदाधिकारीहरुको विवरण

अध्यक्ष श्री युवराज सुवेदी

सदस्यहरु श्री विश्वप्रकाश भण्डारी

श्री डा.गंगाधर अधिकारी

श्री सुनिल रञ्जन सिंह

श्री सरिता थापा

५.२ आयोगका सचिव

श्री कृष्णजीवी घिमिरे

५.२ छानविन महाशाखाः

-महाशाखा प्रमुख सह–सचिव श्री ईश्वरीप्रसाद ढकाल

५.२.१ उजूरी छानविन तथा तामेली शाखाः

-उप सचिव श्री सन्तोष कुमार गिरी

-उप सचिव श्री मीना गुरुङ

-कम्प्युटर अपरेटर श्री खिमा भुषाल

५.२.२ कानुन तथा मानव अधिकार शाखा

-शाखा प्रमुख उप सचिव श्री बालकृष्ण निरौला

-शाखा अधिकृत श्री सुमन अधिकारी

- कम्प्युटर अपरेटर श्री सुन्दर वलम्पाकी

५.२.३ सिफारिस तथा परिपूरण शाखा

-शाखा प्रमुख उपसचिव श्री विमला रेग्मी

-नायव सुब्बा श्री टेकराज रिजाल

- कम्प्युटर अपरेटर श्री दीपा रँजितकार

५.३ प्रशासन महाशाखा

–महाशाखा प्रमुख सह–सचिव श्री रिक्त

-

५.३.१ प्रशासन तथा योजना शाखा

–शाखा प्रमुख उपसचिव श्री पुरुषोत्तम सुवेदी

–शाखा अधिकृत श्री भेषराज घिमरे

–कम्प्युटर अपरेटर श्री रोशन खनाल

५.३.२ संचार तथा अभिलेख व्यवस्थापन शाखा

–शाखा प्रमुख उपसचिव श्री ज्योति श्रेष्ठ

–शाखा अधिकृत श्री अन्जना पोखेल

-नायव सुब्वा श्री हरेराम के.सी.

-कम्प्युटर टेक्निसियन श्री बोधराज बराल

५.३.३ आर्थिक प्रशासन शाखा

-लेखा अधिकृत श्री विष्णु प्रसाद ज्ञवाली

-लेखापाल श्री राधा के.सी.(वली)

५.३.४ अध्यक्षज्युको निजी सचिवालय

शाखा अधिकृत श्री विन्दु धामी रावल

५.३.५ सदस्यज्युको निजी सचिवालय

शाखा अधिकृत श्री जीतबहादुर श्रेष्ठ

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

कुनै दस्तुर नलाग्ने र अवधि आयोगको कार्ययोजनानुसार हुने।

७. निवेदन, उजूरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग।

८. निर्णय उपर उजूरी सुन्ने अधिकारी

कानूनमा व्यवस्था नभएको।

९. सम्पादन गरेको कामको विवरण

अ. अनुसन्धान तथा छानविन सम्बन्धीः

आयोगले विभिन्न समयमा उजुरी आव्हानको लागि जारी गरिएको सार्वजनिक सूचनाको आधारमा जम्मा ३,१९७ थान उजूरीहरु संकलन भई आयोगमा दर्ता रहेका छन्। आयोगमा उजूरी दर्ता भएपछि आयोगले अनुसन्धान अधिकारी तोकी प्रारम्भिक छानबिनको कार्य भएको छ। आयोगसमक्ष दर्ता हुन आएका उजूरीहरुमा आयोगबाट विस्तृत छानबिन गर्ने भनी निर्णय भएका उजूरीउपर विस्तृत छानबिन गर्ने अनुसन्धान अधिकारी वा छानबिन कार्यटोलीले अनुसन्धान कार्यलाई अगाडि बढाएको छ। आयोगमा दर्ता भएका उजूरीउपर छानबिन गर्दा हाल २५०३ थान उजूरीहरुमा विस्तृत छानबिन गर्ने निर्णय भएकोमा आयोगले विस्तृत छानबिन अन्तर्गत ६५ जिल्ला र काठमाडौं उपत्यकामा अस्थायी ठेगाना रहेका २,२६२ वटा उजूरी उजूरीकर्तासँग घटना बारे सोधपुछ गरी निजहरुको कागज गराउने एण्टीमोर्टम तथ्यांङ्क फाराम तथा परिपूरण फाराम भराउने कार्यादेश सहित अनुसन्धान अधिकारी र कार्यटोली तोकी निजहरूलाई जिम्मा दिएकोमा तोकिएको २,२६२ उजूरीहरु मध्ये २,०९५ वटा उजूरीहरुमा तोकिएको कार्य सम्पन्न भएको छ। रुकुम पूर्व, रुकुम पश्चिम, दार्चुला, बझाङ, बाजुरा, डोल्पा, कालिकोट, हुम्ला, जुम्ला र मुगु गरी जम्मा १० जिल्लामा विस्तृत छानविनको कार्य हुने क्रममा रहेको छ। आयोगले गर्ने उजुरी दर्ता, प्रारम्भिक छानविन, बिस्तृत छानविनको कार्यले नेपालको संक्रमणकालीन अवस्थालाई टुङ्गोमा पुऱ्याई पीडितलाई न्याय प्रदान गर्दै संवैधानिक तथा कानूनी हक अधिकारको रक्षाको सन्दर्भमा प्रभावकारी हुने देखिन्छ। यस आयोगमा पर्न आएका उजूरीहरु र ती उजूरीहरुको कारवाहीको अवस्थालाई देहायबमोजिम उल्लेख गरिएको छ।

(क)हालसम्म आयोगको प्राप्त उजूरीको छानविनको अवस्थाः

सि.न.	विवरण	उजुरी संख्या
१	विभिन्न माध्यमबाट आयोगमा दर्ता हुन आएका कुल उजूरीको संख्या	३,१९७
२	सत्य निरुपण तथा मेललमिलाप आयोगमा पठाईएको उजूरी	४१४
३	उजूरीकर्ताको अनुरोधमा पून सत्य निरुपण तथा मेलमिलाप आयोगबाट फिर्ता पठाईएको उजूरी संख्या	१३७
४	एउटै व्यक्तिलाई बेपत्ता पारिएको भनी उजूरी परेको हुँदा दोहोरो उजूरी काटी लगत कट्टा गरिएको उजूरी	१२८
५	तामेलीमा राखिएको उजूरी संख्या	२८९

सि.न.	विवरण	उजुरी संख्या
६	विस्तृत छानविन गर्ने भनी आयोगबाट निर्णय भएका उजुरी संख्या	**२,५०३**
७	हाल कारवाहीयुक्त रहेका उजुरीहरु	**२,५०३**
८	उजूरीका आधारमा बेपत्ता पारिएका व्यक्ति	**२,५१५**
९	विस्तृत छानविन गर्न भनी अनुसन्धान अधिकारी तथा कार्यटोली तोकिएको उजुरी	**२,२६२**
१०	विस्तृत छानविनको प्रथम चरणको कार्य सम्पन्न भएको जिल्ला	**६५**
११	विस्तृत अनुसन्धानको दौरान फेला परेका बेपत्ता व्यक्ति	**२३**
१२	विस्तृत छानविन गर्न अनुसन्धान अधिकारी तोकी प्रथम चरण विस्तृत छानविनको कार्य सम्पन्न भएको	**२,०९५**
१३	अनुसन्धान अधिकारी तथा कार्यटोलीसँग उजुरीकर्ताको सम्पर्क नहुँदा विस्तृत छानविन अन्तर्गत प्रथप चरणको कार्य गर्न नसिकएको	**१६७**
१४	विस्तृत छानविनको प्रथम चरणको कार्य उजूरीकर्ता बुझ्ने, एण्टीमोर्टम भराउने, परिपूरण भराउने कार्य सम्पन्न गरी अनुसन्धान अधिकारी तथा कार्यटोलीबाट राय सहितको प्रतिवेदन आयोगमा पेश भएको फाइल संख्या	**२,०९५**

(ख)प्रेदशगत उजूरीको विवरण

सि.न.	प्रदेश	जम्मा उजुरी संख्या	जम्मा बेपत्ता संख्या
१	प्रदेश-१	३०९	३१०
२	प्रदेश-२	१५४	१५५
३	बागमती	३९७	३९७
४	गण्डकी प्रदेश	२५०	२५०
५	प्रदेश-५	७११	७१७
६	कर्णाली प्रदेश	३२५	३२६
७	सुदुर पश्चिम प्रदेश	३५७	३६०
जम्मा		२५०३	२५१५

(ग) जिल्ला गत उजूरी विवरणः

सि.न.	जिल्ला	बेपत्ता संख्या			उजुरी संख्या
		महिला	पुरुष	जम्मा संख्या	
१	अछाम	३	५४	५७	५६
२	अर्घाखाँची	१	१२	१३	१३

सि.न.	जिल्ला	बेपत्ता संख्या			उजुरी संख्या
		महिला	पुरुष	जम्मा संख्या	
३	इलाम	०	२१	२१	२१
४	उदयपुर	५	२५	३०	३०
५	ओखलढुंगा	२	२३	२५	२४
६	कञ्चनपुर	६	७२	७८	७८
७	कपिलवस्तु	०	२०	२०	२०
८	काठमाडौं	२	३१	३३	३३
९	काभ्रेपलाञ्चोक	३	४२	४५	४५
१०	कालिकोट	६	३९	४५	४५
११	कास्की	३	३३	३६	३६
१२	कैलाली	७	४९	५६	५५
१३	खोटाङ्ग	१	९	१०	१०
१४	गुल्मी	१	२३	२४	२४
१५	गोरखा	५	३६	४१	४१
१६	चितवन	४	४८	५२	५२
१७	जाजरकोट	३	३५	३८	३८
१८	जुम्ला	२	१८	२०	२०
१९	झापा	६	३६	४२	४२
२०	डडेलधुरा	३	२४	२७	२७
२१	डोटी	२	११	१३	१३
२२	डोल्पा	०	६	६	६
२३	तनहूँ	५	२९	३४	३४
२४	ताप्लेजुङ्ग	१	१९	२०	२०
२५	तेह्रथुम	२	१४	१६	१६
२६	दाङ्ग	१०	१२१	१३१	१२९
२७	दार्चुला	०	२०	२०	२०
२८	दैलेख	१	३३	३४	३४

सि.न.	जिल्ला	बेपत्ता संख्या			उजुरी संख्या
		महिला	पुरुष	जम्मा संख्या	
२९	दोलखा	१	२४	२५	२५
३०	धनकुटा	०	१४	१४	१४
३१	धनुषा	०	६	६	६
३२	धादिङ्ग	१	४९	५०	५०
३३	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	२	१०	१२	१०
३४	नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	०	२२	२२	२२
३५	नुवाकोट	२	४०	४२	४२
३६	पर्वत	१	१७	१८	१८
३७	पर्सा	०	२३	२३	२३
३८	पाँचथर	०	१२	१२	१२
३९	पाल्पा	०	१८	१८	१८
४०	प्यूठान	०	१७	१७	१७
४१	बझाङ्ग	०	२०	२०	२०
४२	बर्दिया	२९	२२८	२५७	२५५
४३	बाँके	८	९३	१०१	१०१
४४	बाग्लुङ्ग	७	१९	२६	२६
४५	बाजुरा	१	२०	२१	२१
४६	बारा	०	१२	१२	१२
४७	बैतडी	६	६२	६८	६७
४८	भक्तपुर	१	१०	११	११
४९	भोजपुर	१	१८	१९	१९
५०	मकवानपुर	०	२५	२५	२५

सि.न.	जिल्ला	बेपत्ता संख्या			उजुरी संख्या
		महिला	पुरुष	जम्मा संख्या	
५१	महोत्तरी	०	११	११	११
५२	मुगु	३	२२	२५	२५
५३	मोरङ्ग	१	३३	३४	३४
५४	म्याग्दी	०	४	४	४
५५	रसुवा	०	३	३	३
५६	रामेछाप	४	२९	३३	३३
५७	रुकुम (पश्चिम भाग)	४	३३	३७	३७
५८	रुकुम (पूर्वी भाग)	०	९	९	९
५९	रुपन्देही	०	२०	२०	२०
६०	रोल्पा	१३	८३	९६	९५
६१	रौतहट	२	१८	२०	२०
६२	लमजुङ्ग	२	२६	२८	२८
६३	ललितपुर	०	११	११	११
६४	संखुवासभा	३	१०	१३	१३
६५	सप्तरी	३	२५	२८	२८
६६	सर्लाही	०	१७	१७	१७
६७	सल्यान	२	५६	५८	५९
६८	सिन्धुपाल्चोक	३	३९	४२	४२
६९	सिन्धुली	३	२२	२५	२५
७०	सिराहा	०	३८	३८	३७
७१	सुनसरी	०	२८	२८	२८
७२	सुर्खेत	१०	४८	५८	५७
७३	सोलुखुम्बु	१	२५	२६	२६
७४	स्याङ्गजा	२	३९	४१	४१
७५	हुम्ला	०	४	४	४

सि.न.	जिल्ला	बेपत्ता संख्या			उजुरी संख्या
		महिला	पुरुष	जम्मा संख्या	
जम्मा		**२००**	**२३१५**	**२५१५**	**२५०३**

(घ) लिङ्गका आधारमा उजुरी विवरणः

लिङ्ग	संख्या
महिला	२००
पुरुष	२३१८
जम्मा	**२५१८**

(ङ) उमेरका आधारमा उजुरी विवरणः

उमेर **समूह**	**संख्या**
०-१५	१०२
१६-३०	१२१५
३१-४०	५१४
४१-५०	२५४
५१-६०	११७
६०+	३८
उमेर नखुलेको	२७८
जम्मा	**२५१८**

आ.कार्यविधिहरुको निर्माणः

यस आयोगलाई कानूनले तय गरिदिएको उद्देश्य हासिल गर्ने सन्दर्भमा आफ्नो काम कारवाहीलाई सरल, सहज र व्यवस्थित गर्न विभिन्न कार्यदलहरुको निर्माण गरी सम्बन्धित विषयका विषय विज्ञ, पीडित सरोकारवालाका प्रतिनिधि, मानव अधिकारवादी संघ संस्थाका प्रतिनिधिसंग निकतम सम्बन्ध कायम राख्दै छलफल गरी देहायबमोजिमका कार्यविधि निर्माण गरी आयोगबाट स्वीकृत भएको छ जसले आयोगको आगामी कार्यलाई थप प्रभावकारी, परिणाममुखी र पीडित मैत्री हुने देखिन्छ।

- गोपनीयता सम्बन्धी कार्यविधि,२०७५
- पीडक बयान सम्बन्धी कार्यविधि, २०७५,
- कारबाही सिफारिश सम्बन्धी कार्यविधि, २०७५,
- परिपूरण सिफारिश सम्बन्धी कार्यविधि २०७५,
- बेपत्ता पीडितलाई परिचयपत्र उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७५

ई.सूचना संकलन गरी सत्यको खोजी

छानबिन कार्यलाई सहजीकरणका लागि बेपत्ताका सम्बन्धमा सूचना/विवरण एवं जानकारी संकलन गर्न राष्ट्रिय मानवअधिकार आयोग, आई.सि.आर.सि., इन्सेक, त्रि.वि.वि. केन्द्रीय पुस्तकालय, सूचना विभाग, रा.स.स., नेपाल टेलिभिजन लगायतका संस्थाहरुसँग समन्वय गरी आवश्यक विवरण संकलन कार्य भइरहेको छ ।

इ.आयोगवाट भएका अन्य महत्वपूर्ण कार्यहरु

- यस आयोगवाट भविष्यमा द्वन्द्व हुन नदिन संस्थागत सुधारका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ । आयोगवाट आगामी दिनमा हुने छानविन कार्यलाई थप प्रभावकारीता एवं सहजता ल्याउन संक्रमणकालीन न्याय र अपराधिक दायित्व बारे अन्तर्राष्ट्रिय मुल्य मान्यता र अभ्यासका सम्वन्धमा अध्ययन गरि प्रतिवेदन तयार भएको छ जसले आगामी दिनमा आयोगवाट सम्पादन हुने कार्यको लागि मार्गदर्शनको रुपमा रहने देखिन्छ।
- पीडित, साक्षी तथा पीडकसँग श्रव्यदृश्य संवाद (Video Conferencing) गर्न सकिने संयन्त्र स्थापना भएको गरी आयोगमा उपस्थित हुन नसक्ने पीडित, पीडक र निजका साक्षीहरुको बयान, कागज एवं गुनासो एवं बयान गर्न सकिने अवस्थाको सृजना भएको छ। साथै आयोगमा दर्ता हुन आएका सबै उजूरीको डिजिटल स्क्यानिङ्ग गरी सुरक्षित गरिएको छ।
- आयोगमा दर्ता हुन आएका उजुरीहरुलाई छिटो छरितो र प्रभावकारी ढंगवाट अनुसन्धान कार्य सम्पन्न गरी टुङ्गोमा पुग्न सजिलो होस् भन्ने हेतुका साथ आयोगले सुचना संकलन कार्यलाई तिव्रता दिंदै विभिन्न निकायमा रहेका सुचना, विवरण/प्रमाण कागजात संकलनर विश्लेषण गरिरहरेको छ।
- आयोग पदाधिकारी विहिन रहेको अवस्थामा संक्रमणकालीन न्यायको अवधारणालाई सम्बद्ध पक्षसम्म पुयाउन, अन्तर्राष्ट्रिय स्तरमा विकास भएका नविनतम् अवधारणालाई आत्मसाथ गर्न अभिलेखिकरण गर्दै पीडितका आवाजसमेतलाई उपर्युक्त स्थान दिन संक्रमणकालीन न्यायसंग सम्बन्धित विज्ञ, पीडित तथा आयोगका कर्मचारीहरुद्वारा जर्नल प्रकाशन गरी सरोकारवाला निकायमा समेत पठाइ सकिएको छ।

९. आयोगका प्रवक्ताः

आयोगको सह-सचिव एवं प्रवक्ता श्री ईश्वरीप्रसाद ढकाल

१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

सूचना अधिकारी उप–सचिव श्री ज्योति श्रेष्ठ

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- बेपत्ता पारिएका ब्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१
- बेपत्ता पारिएका ब्यक्तिको छानविन नियमावली, २०७२
- बेपत्ता पारिएका ब्यक्तिको छानविन निर्देशिका, २०७३
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग विज्ञको छनौट तथा सुविधा एवं आयोगले गर्ने खर्च सम्बन्धी मापदण्ड, २०७२
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको संचार नीति, २०७२
- वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग बैठक सम्बन्धित अन्य कार्यविधि, २०७१
- बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका पदाधिकारीको आचार संहिता, २०७२
- सार्वजनिक सुनुवाई सम्वन्धी कार्यविधि, २०७४
- गोपनीयता सम्बन्धी कार्यविधि,२०७५
- पीडक बयान सम्बन्धी कार्यविधि, २०७५,
- कारबाही सिफारिश सम्बन्धी कार्यविधि, २०७५,
- परिपूरण सिफारिश सम्बन्धी कार्यविधि २०७५,
- बेपत्ता पीडितलाई परिचयपत्र उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७५

१२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

(क) चालु खर्चको विवरणः

बेपता पारिएका ब्यक्तिको छानबिन आयोग, पुल्चोक

म. ले. प. फारम नं: २१०

कार्यालय कोड नं.: ३११००३४०१

खर्चको फाटवारी

२०७६/७७ साल आषाढ महिना

बजेट उपशीर्षक नं: ३११०००११३

आर्थिक बर्ष : २०७६/७७

बजेट उपशीर्षकको नाम: कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

खर्च/वित्तीय सङ्केत नं	खर्च/वित्तीय सङ्केतको नाम	अन्तिम बजेट	आषाढ महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	आषाढ महिनाको खर्च	आषाढ महिना सम्मको खर्च	पेश्की	पेश्की बाहेक खर्च रकम	बाँकी बजेट
२११११	पारिश्रमिक कर्मचारी	१८,४९१,०००.००	१२,९९८,०२५.९९		८५८,०७८९०	१२,९९८,०२५.९९			५,४९२,९७४.०१
२१११२	पारिश्रमिक पदाधिकारी	४,५०९,०००.००	२,१६४,९७२.००		३८४,७५०.००	२,१६४,९७२.००			२,३४४,०२८.००
२११२१	पोशाक	४००,०००.००	२८०,०००.००			२८०,०००.००			१२०,०००.००
२११३२	महंगी भत्ता	९६०,०००.००	५५०,०००.००		४२,०००.००	५५०,०००.००			४१०,०००.००
२११३४	कर्मचारीको बैठक भत्ता	२००,०००.००	२००,०००.००		४,५००.००	२००,०००.००			०.००
२११३९	अन्य भत्ता	१,५००,०००.००	२४,०००.००			२४,०००.००			१,४७६,०००.००
२११४१	पदाधिकारी बैठक भत्ता	९२४,०००.००							९२४,०००.००
२११४२	पदाधिकारी अन्य सुबिधा	१,१४४,०००.००	५९२,३१०.००		९५,३८५.००	५९२,३१०.००			५५१,६९०.००
२१२१३	योगदानमा आधारित बीमा कोष खर्च	१९२,०००.००	१०६,०००.००		१०६,०००.००	१०६,०००.००			८६,०००.००
२२१११	पानी तथा बिजुली	४१०,०००.००	३९६,६९९.३४		१९,५००.००	३९६,६९९.३४			१३,३००.६६
२२११२	संचार महसुल	७९२,०००.००	५१०,४८०.२०		१४,२१६.००	५१०,४८०.२०			२८१,५१९.८०
२२२११	इन्धन (पदाधिकारी)	७९९,०००.००	३११,७५०.००		४८,५७५.००	३११,७५०.००			४८७,२५०.००
२२२१२	इन्धन (कार्यालय प्रयोजन)	२,११९,०००.००	१,५५०,०१७.२६		२४७,८९८.९७	१,५५०,०१७.२६			५६८,९८२.७४
२२२१३	सवारी साधन मर्मत खर्च	१,३६२,०००.००	१,०४२,९९२.५०		९,१००.००	१,०४२,९९२.५०			३१९,००७.५०
२२२१४	बिमा तथा नवीकरण खर्च	३०८,०००.००	३०३,७३४.००		०.००	३०३,७३४.००			४,२६६.००
२२२२१	मेशिनरी तथा औंजार मर्मत सम्भार तथा सञ्चालन खर्च	१६०,०००.००	१३८,१००.००			१३८,१००.००			२१,९००.००
२२२३१	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	४००,०००.००	२५,०५०.००			२५,०५०.००			३७४,९५०.००
२२२९१	अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च	५०,०००.००							५०,०००.००
२२३११	मसलन्द तथा कार्यालय सामाग्री	१,९००,०००.००	१,८९९,८०२.४२			१,८९९,८०२.४२			१९७.५८
२२३१४	इन्धन - अन्य प्रयोजन	१००,०००.००	१४,५००.००			१४,५००.००			८५,५००.००
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	१,५९०,०००.००	७०८,३५९.७४		२६,६००.००	७०८,३५९.७४			८८१,६४०.२६
२२४११	सेवा र परामर्श खर्च	२९,४७६,०००.००	१,१५२,३९६.०१			१,१५२,३९६.०१			२८,३२३,६०३.९९
२२४१३	करार सेवा शुल्क	७,७४६,०००.००	७,७२०,१५०.५१		६२१,४१०.००	७,७२०,१५०.५१			२५,८४९.४९
२२५११	कर्मचारी तालिम खर्च	१,०५०,०००.००							१,०५०,०००.००
२२५१२	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	३,२००,०००.००	४०८,८१५.००			४०८,८१५.००			२,७९१,१८५.००
२२५२२	कार्यक्रम खर्च	३०,७७३,०००.००	९७४,७८४.००			९७४,७८४.००			२९,७९८,२१६.००
२२६११	अनुगमन, मूल्यांकन खर्च	७,५२९,०००.००	८६२,६२३.५०		-२,९९९.५०	८६२,६२३.५०			६,६६६,३७६.५०
२२६१२	भ्रमण खर्च	३००,०००.००	२४८,४१०.००		१८,१००.००	२४८,४१०.००			५१,५९०.००
२२६१९	अन्य भ्रमण खर्च	८,२००,०००.००	३६९,०२०.००			३६९,०२०.००			७,८३०,९८०.००
२२७११	विविध खर्च	१,५५४,०००.००	८५०,०६९.००		२२८,३५१.००	८५०,०६९.००			७०३,९३१.००
२८१४२	घर भाडा	५,११६,०००.००	५,१७६,६२९.४०		४३१,३८५.००	५,१७६,६२९.४०			१९,३७०.६०
कुल जम्मा		१३४,८३४,०००.००	४१,५७९,६९०.८७		३,१५३,५७०.३७	४१,५७९,६९०.८७			९३,२५४,३०९.१३
अन्तिम बजेटको तुलना (%प्रतिशतमा)									

(ख) पुँजीगत खर्च

बेपता पारिएका ब्यक्तिको छानबिन आयोग, पुल्चोक

म. ले. प. फारम नं: २१०

कार्यालय कोड नं.: ३११००३४०१

खर्चको फाटवारी

२०७६/७७ साल आषाढ महिना

बजेट उपशीर्षक नं: ३११०००११४

आर्थिक बर्ष : २०७६/७७

बजेट उपशीर्षकको नाम: कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

खर्च/वित्तीय सङ्केत नं	खर्च/वित्तीय सङ्केतको नाम	अन्तिम बजेट	आषाढ महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	आषाढ महिनाको खर्च	आषाढ महिना सम्मको खर्च	पेश्की	पेश्की बाहेक खर्च रकम	बाँकी बजेट
३११२२	मेशिनरी तथा औजार	१००,०००.००	९८,१९७.००			९८,१९७.००			१,८०३.००
३११२३	फर्निचर तथा फिक्चर्स	३२५,०००.००	९२,८४६.००		२०,३००.००	९२,८४६.००			२३२,१५४.००
३११३२	कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च	४००,०००.००	४००,०००.००		४००,०००.००	४००,०००.००			०.००
कुल जम्मा		८२५,०००.००	५९१,०४३.००		४२०,३००.००	५९१,०४३.००			२३३,९५७.००
अन्तिम बजेटको तुलना (%प्रतिशतमा)									

तयार गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

प्रमाणित गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

१३. प्रमुख उपलब्धीहरुः

- यस आ.व. सम्म ६५ जिल्लाका २०९५ थान उजूरीमा विस्तृत छानविनको पहिलो चरणको कार्य अन्तर्गत उजूरीकर्ता तथा साक्षी बुझ्ने, एण्टीमार्टम फाराम भराउने र परिपूरण फाराम भराउने कार्य सम्पन्न भएको।
- यस आ.व. सम्म उजूरी कर्ता, पीडित परिवार, साक्षी, घटनाका सम्बन्धमा जानकार ब्यक्ति तथा अन्य सरोकारवालाहरुको सहभागितामा १२६ वटा जिल्लास्तरिय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- विज्ञ विशेषज्ञहरुको राय सुझावको आधारमा आयोगको कार्यक्षेत्रसंग सम्बन्धित आरोपितको बयान, कारवाही सिफारिस, पीडित परिचयपत्र बितरण र परिपूरण सिफारिस सम्बन्धि ४ वटा कार्यविधि तथा सशस्त्र द्वन्दका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घटना दोहोरिन नदिनका लागि गरिनुपर्ने आवश्यक नीतिगत, कानूनी, संस्थागत, प्रशासनिक र व्यवहारिक सुधारका बिषय तथा मानव अधिकारको प्रवर्द्धन, न्याय प्रणालीको सुदृढीकरण तथा समाजमा मेलमिलापको वातावरण सिर्जना गर्ने सम्बन्धमा सुझावसहितको प्रतिवेदन तयार गरिएको।

- बिस्तृत छानविनका क्रममा पीडित, साक्षी तथा अन्य सरोकारवालाहरुसंग बुझ्ने कार्यलाइ सहज बनाउन भिडियो कन्फरेन्स प्रणाली सूचारु गरिएको।
- आयोगमा प्राप्त उजूरीहरु सुरक्षित र ब्यबस्थित गर्ने उदेश्यले स्क्यानिङ गरी उजूरी ब्यबस्थापन ट्र्याकिङ प्रणाली (Software) तयार गरी उजूरीमा भएका तथा अनुसन्धानसँग सम्बन्धित विवरणहरु प्रविष्ट गर्ने कार्य भैरहेको।
- आयोगको कामकारवाहीलाई पीडितमैत्री बनाई सूचनाप्रवाह प्रभावकारी बनाउन आधिकारिक फेसबुक र ट्विटर सञ्चालनमा ल्याइएको।
- आयोग र उजूरीकर्तासँग प्रत्यक्ष सम्पर्क हुने गरी आयोगको अनुसन्धानलाई प्रभाकारी बनाउन पीडित मैत्री मोवाइल एप्स निर्माण गर्ने कार्य भैरहेको
- अनुसन्धान कार्यलाई थप प्रभावकारी बनाउन १६ जिल्लाका रोकारावाला निकायहरुसँग समन्वय एवं सहकार्य गरी थप सूचना संकलन गर्ने कार्य सम्पन्न गरिएको।
- उजूरीको आधारमा बेपत्ता पारिएका व्यक्तिहरुको तयारी सूची आयोगको वेवसाइट मार्फत सार्वजनिक गरी निजहरुलाई बेपत्ता पारिएको सम्बन्धमा कुनै सूचना/प्रमाण/ जानकारी/कागजताहरु उपलब्ध गराउनका लागि सर्वधारण लगायत अन्य सरोकारवालालाई अनुरोध गर्दै विभिन्न सञ्चारका माध्यमबाट सूचना प्रकाशन तथा प्रशारण गरिएको।
- आयोगको कार्यलाई थप प्रभाकारी बनाउन संक्रमणकालीन न्यायका सिद्धान्त, मान्यता विश्व अभ्यास र नेपालमा त्यसको प्रयोगका विषयहरू समेटिएको “सत्यको खोजी” नामक जर्नल अंक १ र २ प्रकाशन गरिएको।
- शव उत्खनन् एवं DNA परीक्षण सम्बन्धी विज्ञहरुसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- संक्रमणकालिन न्याय र सुरक्षा व्यवस्थापन सम्बन्धी विषयमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।

नयाँ पदाधिकारीहरूको नियुक्ति :

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ६ को उपदफा (४) बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्ष र सदस्यहरूको पदावधि सम्वत् २०७५ साल चैत्र मसान्तमा समाप्त भई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।१२।११ को निर्णयानुसार सोही ऐनको दफा ३ को उपदफा (३) बमोजिम पूर्व प्रधान न्यायाधीश श्री ओमप्रकाश मिश्रको अध्यक्षतामा गठित पाँच सदस्यीय सिफारिस समितिले सोही दफाको उपदफा बमोजिम (४) सिफारिस गरिएकोमा मिति २०७६/१०/०६ गतेका दिन मन्त्रीपरिषद्को निर्णयबाट बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा देहाय बमोजिम पदाधिकारीहरूको नियुक्ति भएको छ।

सि.न.	नामथर	पद	जिल्ला
१.	श्री युवराज सुवेदी	अध्यक्ष	भोजपुर
२.	श्री विश्वप्रकाश भण्डारी	सदस्य	चितवन
३.	श्री डा. गंगाधर अधिकारी	सदस्य	बागलुङ्ग
४.	श्री सुनिल रंजन सिंह	सदस्य	सर्लाही
५.	श्री सरिता थापा	सदस्य	तनहुँ

जिल्लागत सूचना संकलनः

अनुसन्धानको कार्यलाई थप प्रभावकारी बनाउन वाग्लुङ्ग, पर्वत, धादिङ्ग, म्याग्दी, काभ्रे, सिन्धुपाल्चोक, झापा, इलाम, सिन्धुली, मकवानपुर, लमजुङ्ग, कास्की, अर्घाखाँची, कपिलबस्तु, बाँके र नवलपुर (वर्दाघाट सुस्ता पूर्व) लगायत ३५ जिल्लाबाट सूचना संकलन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ। सो कार्यक्रममा जिल्ला प्रशासन कार्यालयबाट पीडित परिवारले राहत पाएको विवरण, रेडक्रस, इन्सेक लगायतका निकायमा रहेका बेपत्ता व्यक्ति सम्बन्धी अभिलेख,अदालतबाट सम्पति हस्तान्तरण सम्बन्धी परेका मुद्दाको विवरण र जिल्ला सरकारी वकील कार्यालय र जिल्ला प्रहरी कार्यालयबाट फुटकर ज्यान मुद्दा सम्बन्धी विवरण संकलन गर्ने गरिएको छ।

सत्य निरुपण तथा मेल मिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको संयुक्त बैठक सम्पन्न।

मिति २०७६।१०।१३ गते सोमबार बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका पदाधिकारीज्यूहरु बीच समन्वयात्मक बैठक सम्पन्न भयो। उक्त बैठकमा सत्य निरुपण तथा मेलमिलाप आयोगका पदाधिकारीज्यूहरुलाई बधाई तथा शुभकामना दिदै यस आयोगका सचिव श्री कृष्णजीवी घिमिरेज्यूले स्वागत गर्नु भयो। उक्त बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अध्यक्षज्यूहरु श्री युवराज सुवेदी र श्री गणेशदत्त भट्टज्यूबाट सम्बोधन भयो। उक्त संयुक्त बैठकमा सत्य निरुपण तथा मेलमिलाप आयोका सचिव श्री ऋषि राजभण्डारीज्यूले समेत सम्बोधन गर्नु भयो।

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र ICRC का प्रतिनिधि बीच भेटघाट

मिति २०७६ माघ १७ गते बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका नवनियुक्त पदाधिकारीहरु र ICRC का प्रतिनिधि बीच शिष्टाचार भेटघाट सम्पन्न भएको छ।

शव उत्खनन् एवं DNA परीक्षण सम्बन्धी विज्ञहरुसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०७६ माघ २४ मा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सभाहलमा शव उत्खनन् र DNA परीक्षण सम्बन्धमा विज्ञहरुसँगको अन्तरक्रिया कार्यक्रम आयोगका अध्यक्ष श्री युवराज सुवेदीज्यू, सदस्य श्री विश्वप्रकाश भण्डारीज्यू श्री डा. गंगाधर अधिकारीज्यू, श्री सुनिल रंजन सिंहज्यू, श्री सरिता थापाज्यू, सचिव श्री कृष्णजीवी घिमिरेज्यू, सह-सचिवज्यू लगायत सम्पूर्ण कर्मचारीको उपस्थितिमा सम्पन्न भयो।

संक्रमणकालिन न्याय र सुरक्षा व्यवस्थापन सम्बन्धी विषयमा अभिमुखीकरण कार्यक्रम सम्पन्न।

मिति २०७६/१०/२९ गते यस आयोगको सभाहलमा सुरक्षा तथा द्वन्द्व विश्लेषक श्री गेजा शर्मा वाग्लेसंग आयोगका पदाधिकारीज्यूहरु, सचिवज्यू, सहसचिवज्यूहरु सहित आयोगमा कार्यरत कर्मचारीहरु समेतको उपस्थितीमा संक्रमणकालिन न्याय र सुरक्षा व्यवस्थापन सम्बन्धी विषयमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो।

बेपत्ता पीडित संघ संस्थाका प्रतिनिधि ,पीडित एवं पीडित परिवारजनसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न।

मिति २०७६ फाल्गुण १ गते यस आयोगको सभाहलमा बेपत्ता पीडित संघ संस्थाका प्रतिनिधि तथा पीडित परिवारजनहरु वीच अन्तरक्रिया कार्यक्रम आयोगका अध्यक्ष श्री युवराज सुवेदीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा आयोगका सदस्यहरु श्री विश्वप्रकाश भण्डारी, डा. गंगाधर अधिकारी, श्री सुनिल रंजन सिंह, श्री सरिता थापा तथा सचिव श्री कृष्णजीवी घिमिरेको साथै आयोगमा कार्यरत कर्मचारीहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भयो।

सम्माननीय राष्ट्रपति विद्यादेवि भण्डारीज्यूसंग शिस्टाचार भेटघाट कार्यक्रम सम्पन्न

२०७६ फाल्गुण ४ मा सम्माननीय राष्ट्रपति विद्यादेवि भण्डारीज्यूसंग बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको टोलीबाट शिस्टाचार भेटघाट कार्यक्रम सम्पन्न। भेटघाटको क्रममा आयोगका अध्यक्ष श्री युवराज सुवेदीले आयोगले हालसम्म सम्पन्न गरेको कामका साथसाथै आगामी कार्ययोजनाको बारेमा सम्माननीय राष्ट्रपतिज्यू अवगत गराउनुभयो।

यस आयोगका पदाधिकारी, पत्रकार र आयोगका कर्मचारीहरु बीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न।

मिति २०७६ फाल्गुण ०६ गते यस आयोगको सभाहलमा आयोगका पदाधिकारीज्यूहरु र पत्रकारहरु बीच अन्तरक्रिया कार्यक्रम आयोगका अध्यक्ष श्री युवराज सुवेदीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा आयोगका सदस्यहरु श्री विश्वप्रकाश भण्डारी, श्री सुनिल रंजन सिंह, श्री सरिता थापा सहित आयोगमा कार्यरत कर्मचारीहरूको उपस्थितिमा सम्पन्न भयो।

भैरवनाथ गणको निरीक्षण तथा अवलोकन

बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा परेका उजुरीहरुको आधारमा २०७६ फाल्गुण ११ गते आयोगले नेपाली सेनाको भैरवनाथ गण र शिवपुरी क्षेत्रको स्थलगत निरीक्षण गरेको छ।

आयोगको टोलीले सशस्त्र द्धन्द्धकाल (२०५२ फाल्गुण १ देखि २०६३ मंसीर ५ सम्म)मा बन्दीहरु राखिएको भनिएका भैरवनाथ गण भित्रका बिभिन्न स्थलहरुको निरीक्षण गर्नुका साथै द्धन्द्धकालीन कतिपय घटनासंग जोडिदै आएको शिवपुरी क्षेत्रको पनि अवलोकन तथा निरीक्षण गरेको छ।

रोल्पा जिल्लामा विस्तृत छानविनको कार्य सम्मपन्न

सशस्त्र द्वन्द्वको क्रममा रोल्पा जिल्लाबाट विभिन्न पक्षबाट बेपत्ता पारिएका भनी आयोगमा उजूरी परेका १३२ थान उजूरीहरु मध्ये आयोगबाट विस्तृत छानविन गर्ने भनी निर्णय भएका ९८ थान उजुरी निवेदनमा उल्लेख गरिएका बेपत्ता व्यक्तिको छानविनको पहिलो चरणको कार्य सम्पन्न भएको छ। छानविनको पहिलो चरणको कार्य अन्तरर्गत उजूरीकर्ता तथा साक्षी बुझ्ने, बेपत्ता पारिनु पूर्वको अवस्थाको विवरण समावेश गरिने एन्टिमोर्टम तथ्याङ्क फाराम भर्ने तथा परिपूरण फाराम भन्ने लगायत कार्य सम्पन्न गरिएको।

कानून मन्त्री र आयोगका पदाधिकारी बीच छलफल कानुन संशोधनका लागि ध्यानाकर्षण

यस आयोगका पदाधिकारी र माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्वाहाङफे बीच आषाढ १२ गते भेटघाट तथा छलफल सम्पन्न भएको छ। भेटघाटका अवसरमा आयोगका तर्फबाट यसअघि २०७६ साल माघ २६ गते ऐन संशोधनका सम्बन्धमा मन्त्रालयलाई दिइएका सुझावहरुप्रति ध्यान आकर्षण गराउँदै सर्वोच्च अदालतका फैसला, अन्तरार्ष्ट्रिय मानव अधिकार कानून एवं मानवीय कानूनका प्रावधानहरु आत्मसात् गर्दै 'बेपत्ता पारिएका व्यक्ति, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१' लाई संशोधन गरी पीडितमैत्री बनाउन माग गरिएको थियो।

कानून, न्याय तथा संसदीय मामिला मन्त्री र आयोगका पदाधिकारी बीच छलफल तथा परिचयात्मक कार्यक्रम

मिति २०७७/०३/२८ गते यस आयोगको सभाहलमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा. शिवमाया तुम्वाहाङफे र आयोगका पदाधिकारी बीच छलफल तथा परिचयात्मक कार्यक्रम माननीय मन्त्रिज्यू, आयोगका पदाधिकारीज्यूहरु, यस आयोगका श्रीमान् सचिवज्यू, कानून, न्याय तथा संसदीय मन्त्रालयका सचिवज्यू, आयोगका सहसचिव, उपसचिवहरु, अधिकृतहरु सहित मन्त्रिज्यूको सचिवालयका कर्मचारीको उपस्थितीमा समपन्न भयो।

१४. अघिल्लो आ.व. मा सञ्चालित महत्व पूर्ण कार्यहरुः

(क) **आयोगले हालसम्म गरेका काम कारबाहीबारे छलफल**

आयोगको सभाहलमा मिति २०७५/०४/१८ गतेका दिन कर्मचारीहरुको उपस्थितिमा आयोगले हालसम्म गरेका काम कारबाहीको बारेमा नयाँ आउनु भएका कर्मचारीहरुसँग छलफल कार्यक्रम सम्पन्न भएको । सो अवसरमा आयोगको कार्य योजना बारेमा पनि अवगत गराइएको थियो ।

(ख) **पीडित एवं सरोकारवालाहरुसँग छलफल**

मिति २०७५/०४/२० गते आयोगको सभा हलमा आयोगका अध्यक्ष लोकेन्द्र मल्लिकको अध्यक्षतामा बेपत्ता परिवार राष्ट्रिय संजालका अध्यक्ष श्री राम कुमार भण्डारी तथा बेपत्ता पीडित परिवारजन लगायतको सहभागितामा “बेपत्ता पीडित तथा सरोकारवालाहरुसँग छलफल कार्यक्रम” सम्पन्न भयो । उक्त कार्यक्रममा आयोगका सदस्य श्री विजुल वि.क. दुलाल, सदस्य श्री प्रा.डा. विष्णु पाठक, सदस्य श्री नरकुमारी गुरुङ, सदस्य श्री आइबहादुर गुरुङ, सचिव श्री कृष्णजीवी घिमिरे, सह-सचिव श्री प्रेमकुमार श्रेष्ठ लगायत आयोगमा कार्यरत कर्मचारीहरु समेतको उपस्थिति रहेको थियो ।

(ग) **बार्षिक प्रगति समीक्षा तथा छलफल कार्यक्रमको आयोजना**

आयोगको सभाहलमा मिति २०७५/०४/३१ गतेका दिन आयोगका पदाधिकारी र कर्मचारीहरुको उपस्थितिमा आ.व. २०७४/७५ को बार्षिक प्रगति समीक्षा तथा छलफल कार्यक्रम सम्पन्न भएको।

(घ) **बेपत्ता पारिएका पीडितहरुको अन्तर्राष्ट्रिय दिवस,** २०१८ **को आयोजना**

मिति २०७५/०५/१४ गतेका दिन सिँचाई विभाग जावलाखेलको सभाहलमा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालज्यूको समुपस्थितिमा आयोगका पदाधिकारी, विशिष्ट व्यक्तित्व, पीडित परिवार, आयोगका कर्मचारी एवं सरोकारवाला गरी १५० जनाको उपस्थितिमा बेपत्ता पारिएका पीडितहरुको अन्तर्राष्ट्रिय दिवस, २०१८ को आयोजना कार्यक्रम सम्पन्न भएको ।

(ङ) **निजामती सेवा दिवसको अवसरमा छलफल कार्यक्रम**

मिति २०७५/०५/२२ गतेका दिन आयोगको सभाहलमा आयोगका पदाधिकारी र कर्मचारीहरु गरी ६० जनाको उपस्थितिमा निजामती सेवा दिवस, २०७५ को अवसरमा संक्रमणकालीन न्याय र निजामती कर्मचारीको दायित्व विषयको छलफल कार्यक्रम सम्पन्न भएको ।

(च) **विस्तृत अनुसन्धान सम्बन्धी अभिमुखिकरण**

मिति २०७५/०६/१० गतेका दिन आयोगको सभाहलमा पदाधिकारी र कर्मचारीहरुको उपस्थितिमा विस्तृत छानबिनको क्रममा विभिन्न जिल्लामा खटिई जाने कर्मचारीहरुलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको । मिति २०७५/०८/१४ गते दिन आयोगको सभाहलमा पदाधिकारी र कर्मचारीहरुको उपस्थितिमा उपसचिव श्री टीकाभूषण घिमिरेबाट पुनस्थापकीय न्याय विषयक कार्यपत्र प्रस्तुतिकरण भएको ।

(छ) **फेसबुक र ट्वीटरको शुभारम्भ**

मिति २०७५/०७/२९ गतेका दिन आयोगको आधिकारीक फेसबुक पेज www. facebook. com/ciedpnepal. gov. np र ट्वीटरको @ciedpnepal को औपचारिक शुभारम्भ कार्यक्रम र गत आ.व. २०७४/०७५ मा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई सम्मान कार्यक्रम सम्पन्न भएको

(ज) **प्रगति विवरण सार्वजनिक कार्यक्रम**

मिति २०७५/०८/१७ गतेका दिन आयोगको सभाहलमा आयोगका पदाधिकारी, कर्मचारीहरु र संचारकर्मीको उपस्थितिमा आयोगले हालसम्म सम्पादन गरेका कार्यहरुको प्रगति विवरण सार्वजनिक कार्यक्रम सम्पन्न भएको ।

(झ) **विषयगत कार्यविधि तयारी**

यस अवधिमा उजूरीकर्ता, साक्षी तथा घटनाको बारेमा जानकारी दिने व्यक्तिहरुको गोपनीयताको संरक्षण गर्नका लागि गोपनीयता सम्बन्धी कार्यविधि, २०७५ पारित भई कार्यान्वयनमा रहेको छ । त्यसैगरी आयोगको क्षेत्राधिकारभित्र पर्ने परिपूरण सिफारिश निर्देशिका, कारबाही सिफारिस कार्यविधि, पीडकहरुको बयान सम्बन्धी कार्यविधि र बेपत्ता पीडित परिचयपत्र वितरण कार्यविधिबारे अध्ययन गरी मस्यौदा तयार गरिएको छ । साथै विभिन्न क्षेत्रका विज्ञहरुको सहभागितामा भविष्यमा द्वन्द्व हुन नदिन संस्थागत सुधारका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन समेत तयार गरिएको छ । हालसम्म आयोगले सम्पन्न गरेका काम कारबाहीहरुबाट ठोस परिणाम नदेखिएको कुरामा आयोग सजग छ । पीडितहरू, मानव अधिकारकर्मीहरू, नागरिक समाजका अगुवाहरू, मानव अधिकारवादी संघ, संस्था तथा पीडितहरूको प्रतिनिधित्व गर्ने संघ, संस्थाहरूले व्यक्ति बेपत्ता पार्ने कार्यमा संलग्न व्यक्तिहरूको अझैसम्म पनि वयान कार्य हुन नसकेको भनी चिन्ता र गुनासो प्रकट गरेको आयोगले पनि महसूस गरेको हो । पछिल्लो अवधिमा आयोगले अनुसन्धान कार्यलाई दिएको तीव्रताबाट आयोग पीडकलाई बयान गराउने अवस्थामा पुगेको छ ।

आयोगबाट पीडकलाई बयान गराउने विषयमा, पीडितलाई परिचयपत्र उपलब्ध गराउने एवं परिपूरण सिफारिस गर्ने, पीडक उपर मुद्दा चलाउन महान्यायाधिवक्ता समक्ष लेखी पठाउने कार्यविधि बनाउने तथा सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण र भविष्यमा त्यस्ता घटना दोहोरीन नदिनका लागि गरिनुपर्ने आवश्यक नीतिगत, कानूनी, संस्थागत, प्रशासनिक तथा व्यावहारिक सुधारका विषयमा अध्ययन गरी पेश गर्न छुट्टा छुट्टै कार्यदल गठन गरिएकोमा कार्यदलहरुले सम्बन्धित विषयका विज्ञ लब्धप्रतिष्ठित व्यक्ति, पीडित सरोकारवाला संस्थाका प्रतिनिधि, मानवअधिकारवादी संघ संस्थाका प्रतिनिधिहरू तथा पत्रकारहरूसँग समेत छलफल गरी प्रतिवेदन तथा कार्यविधिहरू तयार गरिएको छ । यी प्रतिवेदन तथा कार्यविधिले आयोगका आगामी अनुसन्धान कार्यलाई थप प्रभावकारी र परिणाममुखी बनाउने नै छ ।

(ञ) **प्रदेशगत जिम्मेवारी**

आयोगमा भएका उजूरीहरुलाई प्रदेशगत रुपमा विभाजन गरी पीडित तथा साक्षीहरुको विवरण अध्यावधिक गर्ने, सूचना संकलन गर्ने र पीडितहरुलाई अनुसन्धान प्रकृयाका

सम्बन्धमा अध्यावधिक जानकारी गराउन आयोगका उपसचिवहरुलाई प्रदेशगत जिम्मेवारी तोकी सुचना जानकारी एवं विवरणहरु अध्यावधिक भईरहेको छ ।

(ट) **संक्रमणकालीन न्याय सम्बन्धी स्मारिका प्रकाशन**

नेपालको परिवेशमा नौलो विषयको रुपमा रहेको संक्रमणकालीन न्यायको सैद्धान्तिक अवधारणालाई सम्बद्ध पक्षका वीच पुऱ्याउने, अन्तर्राष्ट्रिय क्षेत्रमा भएका राम्रा अभ्यास र अनुभवलाई अभिलेखिकरण गर्ने एवं आयोगको कामकारवाही र कार्यप्रगतिलाई पीडित तथा सरोकारवालासमक्ष ल्याउने उद्देश्यका साथ एक स्मारिका (जर्नल)प्रकाशन गर्ने कार्य कार्य प्रारम्भ गरिएको छ ।

(ठ) विवरण अध्यावधिक कार्य

बेपत्ता पारिएका व्यक्तिहरुको उजूरी छानविनका क्रममा विभिन्न जानकारी, सूचना एवं विवरणरु संकलन गरी विश्लेषण समेत गर्नका लागि कार्यदल गठन गरी सूचना संकलन कार्य प्रारम्भ गरिएको छ । उक्त कार्यदलल स्थलगत रुपमा संकलिन सूचना, जानकारी तथा विवरणले आयोगको विस्तृत अनुसन्धान कार्यमा सहयोग पुग्ने र अनुसन्धानलाई छिटो छरितो बनाउने अपेक्षा गरिएका

(ड) वार्षिक समीक्षा र सत्यको खोजी नामक जर्नल विमोचन कार्यक्रम

मिति २०७६/०३/२५ गते आयोगको सभाहलमा द्वन्द्व पीडित साझा चौतारीका पूर्व अध्यक्ष श्री सुमन अधिकारी, द्वन्द्व पीडित साझा चौतारीका उपाध्यक्ष श्री मैना कार्की र श्री सृजना श्रेष्ठ, न्यायका लागि द्वन्द्व पीडित समाज नेपालका अध्यक्ष एवं CVCP का महासचिव श्री जनक रावत लगायतका पीडित परिवारका प्रतिनिधिहरूको उपस्थितिमा आयोगको चालु आ.व. २०७५/७६ को वार्षिक समीक्षा गरियो। यस आ.व.मा सञ्चालित कार्यक्रमहरूको प्रगति विवरण आयोगका सह-सचिव श्री ईश्वरीप्रसाद ढकालज्यूले प्रस्तुत गर्नु भएको थियो।

१५. सार्वजनिक निकायको वेबसाइटः यस आयोगको वेबसाइट www.ciedp.gov.np रहेको छ।

१६. सूचना परियोजनाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरण: नभएको

१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रतिवेदन अनुगमनतर्फः: यस अवधिमा ५१ जिल्लामा भएको र तेश्रो अन्तरिम प्रतिवेदन पेश भएको।

१८. सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली : गोपनीयता कायम राखु पर्ने बाहेकका सबै सूचना खुल्ला रहेको।

१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय : यस अवधिमा नभएको।

२०. सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण : यस अवधिमा नभएको

प्रस्तुत विवरण आयोगका वेवसाईट www.ciedp.gov.np मा हेर्न सकिने छ।
फोन नं ०१५०१०१७९/०१५०१०१९६,
टोल फ्री न. : १६६००१२२१११
फ्याक्स : ०१५०१०१६८
इमेल : info@ciedp.gov.np, ciedpnepal@gmail.com
वेबसाईट : www.ciedp.gov.np
बेपत्ता पारिएका ब्याक्तिको छानविन आयोग, पुल्चोक, ललितपुर।